# इलाम नगरपालिका

# इलाम नगरपालिकाको राजपत्र

**खण्ड : ७ सङ्ख्या : २ मिति : २०८०।३।८**

**भाग २**

**इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित इलाम नगरपालिका, पुवामझुवा सामुदायिक रेडपाण्डा संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८० सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।**


## इलामनगरपालिका

## इलाम नगरपालिका,पुवामझुवा सामुदायिक रेडपाण्डा संरक्षण तथा ब्यवस्थापन कार्यविधि२०८०

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।३।८**
**प्रमाणीकरण मिति : २०८०।३।८।**

**प्रस्तावनाः** स्थानीय समुदाय, स्थानीय सरकार र सरोकारवालाहरुले सामुदायिक वन र संरक्षणका विभिन्न प्रभावकारी उपायद्वारा रेडपाण्डाको संरक्षण गर्ने उद्धेश्यले इलाम नगरपालिका, वडा नं ३ को पुवामझुवा (कालापोखरी,पुवामाइ र थामडाँडा सामुदायिक वन) क्षेत्र समेतलाइसामुदायिक रेडपाण्डा संरक्षण क्षेत्र घोषणा गरी उक्त क्षेत्रमा रेड पाण्डाको स्वतन्त्र बिचरण र प्राकृतिक प्रजनन केन्द्र हुनेगरी बासस्थान संरक्षण गर्दै उच्च सतर्कता सहित सामुदायिक पर्यापर्यटन गन्तव्य कायम गरी स्थानीय वासिन्दाको जीविकोपार्जन र संमृद्धिमा समेत टेवा पुर्याउन वान्छनीय भएकोले इलाम नगरपालिकाको स्थानीय वन ऐन२०७८को दफा ६६ र ६९ ले दिएको अधिकार प्रयोग गरी यो पुवामझुवा सामुदायिक रेडपाण्डा संरक्षण तथा ब्यवस्थापन कार्यविधि तर्जुमा गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “पुवामझुवा सामुदायिक रेडपाण्डा संरक्षण तथा ब्यवस्थापन

कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "आदिबासी जनजाती" भन्नाले आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐन , २०५८ ले परिभाषित गरेका आदिवासी जनजातिलाई जनाउँछ ।

(ख) "कार्यविधि" भन्नाले सामुदायिक रुपमा रेडपाण्डा संरक्षण र सोको वासस्थान ब्यवस्थापन गर्ने उद्घेश्यले इलाम नगरपालिकाले तर्जुमा गरेको यस पुवामझुवा सामुदायिक रेडपाण्डा संरक्षण तथा ब्यवस्थापन कार्यविधि, २०८०जनाउँदछ।

(ग) "कार्यपालिका" भन्नाले नगरपालिकाको कार्यपालिकालाई जनाउँदछ ।

(घ) "गोठाला" भन्नाले सामुदायिक रेडपाण्डा संरक्षण क्षेत्र भित्र वा सोको आसपासमा गोठ राखी गाइ, भैंसी, भेडा बाख्रा चौरी आदि पाल्ने पशुपालक किसान परिवारका मानिसलाई जनाउँछ ।

(ङ) "डिभिजन वन कार्यालय" भन्नाले प्रदेशको वनसम्बन्धी मन्त्रालय अन्तर्गत रहेको डिभिजन वन कार्यालयलाई जनाउँदछ।

(च) सव डिभिजन वन कार्यालयः भन्नाले प्रदेशको वनसम्बन्धी मन्त्रालय अन्तर्गत रहेको डिभिजन वन कार्यालय मातहतको सव- डिभिजनलाई जनाउँदछ।

(छ) "वातावरण शाखा" भन्नाले नगरपालिकामा रहने वातावरण शाखालाइ जनाउँदछ ।

(ज) "ब्यवस्थापन योजना" भन्नाले सामुदायिक रेडपाण्डा संरक्षण तथा ब्यवस्थापन योजनालाई जनाउँदछ।

(झ) "समिति" भन्नाले सामुदायिक रेडपाण्डा संरक्षण क्षेत्र ब्यवस्थापन समितिलाई जनाउँदछ।

(ञ) "सामुदायिक रेडपाण्डा संरक्षण क्षेत्र" भन्नाले रेडपाण्डासंरक्षण र सोको वासस्थान ब्यवस्थापनको लागि घोषणा गरिएको पुवामझुवा सामुदायिक रेडपाण्डा संरक्षण क्षेत्रलाई जनाउँदछ।

(ट) "सामुदायिक वन उपभोक्ता समूह" भन्नाले संघीय वन ऐनको २०७६ को दफा ३१ अनुसार गठन भएको उपभोक्ता समूहलाईजनाउँदछ।

## परिच्छेद २

## सामुदायिकरेडपाण्डा संरक्षण क्षेत्रको सीमाना निर्धारण र व्यवस्थापन

**३.सामुदायिक रेडपाण्डा संरक्षण क्षेत्रको सिमानाः**इलाम नगरपालिका वडा नं ३ को पुवामझुवा क्षेत्रमा सामुदायिक  रेडपाण्डा संरक्षण क्षेत्रको सिमाना नगरपालिकाको स्थानीय वन ऐन २०७८ को दफा ६६ बमोजिम इलाम नगरपालिकाले निर्धारण गरे अनुसार हुनेछ ।

**४.सामुदायिक रेड पाण्डा संरक्षण तथा ब्यवस्थापन समितिको कार्यालयः**सामुदायिक रेड पाण्डा संरक्षण तथा ब्यवस्थापन समितिको कार्यालय रेड पाण्डासंरक्षण तथा ब्यवस्थापनका कार्यक्रम सञ्चालन गर्ने सहज हुनेगरी पायक पर्ने स्थानमा राखिने छ ।

**५. सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रको व्यवस्थापन योजना तर्जुमा र स्वीकृतिः**(१) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्र ब्यवस्थापन समितिले सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्र भित्रका सामुदायिक वन उपभोक्ता समूह, वडा कार्यालय, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल नगरपालिका महासंघ, नेपाल आदिवासी जनजाति महासंघको नगरपरिषद्, नागरिक समाज र सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनका लागि अनुसूची-१ बमोजिमको विवरण खुलाइ व्यवस्थापन योजना तर्जुमा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थापन योजना तर्जुमा गर्दा समितिको अध्यक्षले बैठक बोलाई व्यवस्थापन योजनाका विषयमा छलफल गराई राय सुझाव संकलन गरी सोको आधारमा व्यवस्थापन योजना तर्जुमा गर्नुपर्नेछ र उक्त योजनामा लक्ष्य, उद्घेश्य, रणनीति र वार्षिक रुपमा पाँच वर्षसम्म सञ्चालन गरिने कार्यक्रम र स्रोत समेत उल्लेख गर्नु पर्नेछ ।

(३) व्यवस्थापन योजना पाँच वर्षको लागि तर्जुमा गर्नुपर्नेछ र उक्त योजनामा अवश्यकता अनुसार समय समयमा सरेकारवालाहरुसँग परामर्श गरी सशोधन गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको व्यवस्थापन योजना तर्जुमाका लागि प्राविधिक सेवा आवश्यक परेमा समितिले सम्बन्धित निकाय र सम्बन्धित विषयका प्राविधिकको सेवा लिन सक्नेछ ।

(५) उपदफा (१) बमोजिमको व्यवस्थापन योजनालाई समितिको बैठकबाट पारित गरी स्वीकृतिका लागि अध्यक्षले नगरपालिकाको वातावरण शाखा मार्फत कार्यपालिका समक्षपेश गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम नगर कार्यपालिका समक्ष पेश हुन आएको व्यवस्थापन योजनालाई अध्ययन गर्दा कुनै विषय सुधार वा परिमार्जन गर्नुपर्ने भएमा समितिसँगको सहमतिमा आवश्यकता अनुसार सुधार वा परिमार्जन गरी नगरकार्यपालिकाले स्वीकृती गर्नेछ ।

(७) उपदफा (५) बमोजिमको पेश हुन आएको व्यवस्थापन योजना र तत्सम्बन्धी अन्य विषयमा प्राविधिक राय परामर्शको लागि नगर कार्यपालिकाले प्राविधिक उपसमिति गठन गर्न सक्नेछ र त्यस्तो उपसमिति गठन नभएकोमा अवस्थामा वातावरण शाखाको राय परामर्श लिन सकिनेछ ।

## परिच्छेद-३

## समुदायिक रेडपाण्डा संरक्षण क्षेत्र व्यवस्थापन समितिसम्बन्धी व्यवस्था

**६.सामुदायिक रेडपाण्डा संरक्षण क्षेत्रको संरक्षकः** नगरपालिका प्रमुख सामुदायिक रेडपाण्डा संरक्षण क्षेत्रको संरक्षकको रुपमा रहने छन् ।

**७. सामुदायिक रेडपाण्डा संरक्षण क्षेत्र व्यवस्थापन समितिको गठनः**(१)सामुदायिक रेडपाण्डा संरक्षण क्षेत्रको संरक्षण र व्यवस्थापनको लागि देहायबमोजिमको एक *समुदायिक रेडपाण्डा संरक्षण क्षेत्र व्यवस्थापन समिति* गठन हुनेछः

(क)सामुदायिक रेडपाण्डा संरक्षण क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षहरु - सदस्य

(ख) नेपाल आदिवासी जनजाति महासंघको नगरपरिषद अध्यक्ष - सदस्य

(ग) सामुदायिक वन उपभोक्ता महासंघ नेपाल स्थानीय नगर महासंघको अध्यक्ष - सदस्य

(घ) सामुदायिक रेडपाण्डा संरक्षण क्षेत्रमा वा आसपासमा गोठ राखी पशुपालन गर्ने पशुपालक किसानहरुको प्रतिनिधी१ जना - सदस्य

(ङ) वन तथा कृषि र पर्यापर्यटनमा आधारित महिला समूहवा आमा समूहको प्रतिनिधित्व हुने गरी सम्वन्धित वडा अध्यक्षले सिफारिस गरेको २ जना महिला - सदस्य

(च) रेड पाण्डा संरक्षणकर्मी वा संरक्षण अभियन्तामध्ये नगरपालिका प्रमुखले मनोनयन गरेका १ जना - सदस्य

(छ) रेडपाण्डा संरक्षणको लागि उल्लेखनीय योगदान पुर्याएका संरक्षण क्षेत्रभित्रका व्यक्तिहरुमध्येबाट समितिले मनोनीत गरेको एक जना - सदस्य

(ज) इलाम नगरपालिका वातावरण शाखाको प्रमुख – पदेन सदस्य

(झ) इलाम सव डिभिजन वन कार्यालयको प्रमुख – पदेन सदस्य

(ञ) सम्वन्धित वडाको वडा अध्यक्ष पदेन सदस्य– पदेन सदस्य

(२) उपदफा (१) बमोजिमका सदस्यहरुले आफूहरुमध्येबाट आपसमा सहमति गरी समुदायिक रेडपाण्डा संरक्षणक्षेत्र व्यवस्थापन समितिमादेहायका पदाधिकारीहरु छनौट गर्नुपर्नेछः

(क)अध्यक्ष १ जना

(ख) उपाध्यक्ष १ जना

(ख) सचिव १ जना

(ग) कोषाध्यक्ष १ जना

(३) समितिले आफ्नो कार्य सञ्चालन प्रकृयालाई व्यस्थित गर्नको लागि विधान तर्जुमा गरी यस समितिलाई नगरपालिका समक्ष दर्ताका लागि निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश हुन आएको विधान स्वीकृत गरी समुदायिक रेडपाण्डा संरक्षण क्षेत्र व्यवस्थापन समितिदर्ता गर्न उयपुक्त भएमा दर्ता गरी उक्त समितिलाई दर्ताप्रमाणपत्र प्रदान गर्न सकिनेछ ।

(५) ब्यवस्थापन समितिको कार्यकाल ५ बर्षको हुनेछ । कुनै पनि ब्यक्ति समान पदमा दुइ कार्यकाल भन्दा बढी निर्वाचित हुन पाइने छैन ।

(६) ब्यवस्थापन समितिमा कम्तिमा ३३ प्रतिशत महिला रहनु पर्नेछ ।

**८.समितिको बैठकः** (१) सामुदायिक रेड पाण्ड संरक्षण क्षेत्र ब्यवस्थापन समितिको बैठक चौमासिक रुपमा र अन्य समयमा आवश्यकता अनुसार बस्नु पर्नेछ र बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) अध्यक्षसँग परामर्श गरी समितिको सचिवले समितको बैठक बोलाउने छ र समितिको बैठक आफ्नै कार्यालयमा वा अध्यक्षले तोकेको स्थानमा बस्नेछ ।

(३) कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरुको उपस्थिति भएमा समितिको बैठककलागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) बैठकको निर्णय सकेसम्म आमसहमतिमा गरिने छ र यदी आमसहमतिमा हुन नसकेमा सामान्य बहुमतबाट गरिनेछ । तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र सचिवद्वारा प्रमाणित गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(७) समितिको बैठकमा आवश्यकतानुसार कुनै विशेषज्ञ वा सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

**९.सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्र ब्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** समुदायिक रेड पाण्डा संरक्षण क्षेत्र ब्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समुदायिक रेड पाण्डा संरक्षण क्षेत्रको दिगो संरक्षणका लागि सहभागितामूलक रुपमा व्यवस्थापन योजना तर्जुमा गरी नगर कार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयन गर्ने ।

(ख) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रमा सञ्चालन गरिने सामुदायिक विकास, भौतिक विकास, पर्यापर्यटन, कृषि तथा पशुपालन आदि कार्यलाई रेड पाण्डा संरक्षणमैत्री

बनाउनका लागि समन्वय गरी स्थानीय समुदाय र सरोकारवालाको क्षमता विकासका कार्यहरु गर्ने ।

(ग) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रमा रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक, आध्यात्मिक वा अन्य यस्तै महत्वका सम्पदाहरुको संरक्षणका लागि सहयोग गर्ने ।

(घ) वन उपभोक्ताहरुको चाहना, क्षमता,आवश्यक्ता र मागको आधारमा नयाँ समुदायिक वन उपभोक्ता समुह गठन र सामुदायिक वन हस्तान्तरण गराउनका लागि अवश्यक सहयोग तथा सहजीकरण गर्ने ।

(ङ) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्र व्यवस्थापनका लागि स्थानीय सरकार, अन्य सरकारी निकाय, संघ संस्था र सरोकारवालासँग समन्वय र सहकार्य गरी स्रोत साधन जुटाई स्थानीय समुदायमार्फत परिचालन गर्ने ।

(च) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रमा रहेका विपन्न र सिमान्तकृत समुदायको जीविकोपार्जन र समृद्धिका लागि आवश्यक पर्ने कार्यक्रमहरु सञ्चालन गर्ने ।

(छ) सामुदायिक वन उपभोक्ता समूह र अन्य स्थानीय समुदायले रेड पाण्डा संरक्षणका लागिसमिति मार्फत सञ्चालितकार्यक्रमहरुको नियमित रुपमा अनुगमन तथा मूल्यांकन गर्ने र आवश्यकतानुसार सहजीकरण गर्ने ।

(ज) प्रत्येक तीन तीन महिनामा आर्थिक बिवरण सहित कार्यप्रगती प्रतिवेदन इलाम नगरपालिकामा बुझाउने ।

(झ) ब्यवस्थापन समितिले बार्षिक कार्यप्रगती समिक्षा र योजना अद्यावधी गर्ने ।

(ञ) समितिको वार्षिक कार्यक्रम, प्रगती प्रतिवेदन र आयव्यय विवरण तथा लेखापरीक्षण प्रतिवेदनका बारेमा वार्षिक रुपमा सरोकारवालाहरु बीच सार्वजनिक सुनुवाई गरी समितिको बैठकबाट पारित गर्ने र उक्त प्रतिवेदनहरुको एक एकप्रति इलाम नगरपालिका र डिभिजन वन कार्यालय इलामलाई उपलब्ध गराउने ।

(ट) समितिको दैनिक कार्य सञ्चालन गर्ने र सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रको वृहत्तर हितको लागि आवश्यकता अनुसारका अन्य कार्यहरु गर्ने ।

(ठ) सामुदायिक रेडपाण्डा संरक्षण भित्र तथा आसपासका सामुदायिक वन उपभोक्ता समुहका उपभोक्ताहरु,स्थानीय अगुवाहरु,आदिवासी जनजाती,महिला,दलित तथा अन्य सरोकारवालाहरुलाइ रेड पाण्डा संरक्षण तथा ब्यवस्थापन सम्वन्धि क्षमता विकासका कार्यक्रमहरु सम्पादन गर्ने गराउने ।

(ड) सामान्य घाइते तथा टुहुरा रेड पाण्डा तथा अन्य वन्य जन्तु र चराचुरुङ्गीको उद्धार,प्राथमिक उपचार गर्ने गराउने र गम्भिर घाइतेहरुलाइ उपचारको लागि डिभिजन वन कार्यालय माफर्त सम्वन्धित ठाउँमा पठाउने ।

**१०. समितिको विघटनः**(१) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्र ब्यवस्थापन समितिको विषयमा लिखित रुपमा देहायको अवस्था विद्यमान रहेको भनी उजुरी परेमा र छानविन गर्दा त्यस्तो उजुरी मनासिब देखिएमा इलाम नगरपालिकाको कार्यपालिका बैठकले समिति विघटन गर्न सक्नेछः

(क) व्यवस्थापन योजना स्वीकृत नगराई वा स्वीकृत व्यवस्थापन योजना विपरीत कुनै कार्य गरेमा ।

(ख) कुनै कार्यक्रम सञ्चालन गर्न प्राप्त रकम तथा समितिको कोषको दुरुपयोग वा हिनामिना गरेको पाइएमा ।

(ग) सामुदायिक वन उपभोक्ता समूह र स्थानीय वासन्दाहरुको हित विपरीत कुनै काम गरेमा ।

(च) रेडपाण्डा र यीनको वासस्थान एवं प्राकृतिक प्रजनन क्षेत्र विनास हुने कार्य गरेमा ।

(२) उपदफा (१) बमोजिम अवस्था देखिएमा कार्यपालिकाले यस समितिको विघटन गर्नुअघि विघटन गर्नु पर्नाको कारण खोली पैंतीस दिनको म्याद दिई समितिसँग स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(३) उपदफा (३) बमोजिम स्पष्टीकरण माग गरिएकोमा समितिले निर्धारित अवधि भित्रै स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश गरेको स्पष्टिकरण सन्तोषजनक भएमा कार्यपालिकाले समितिलाई आफ्नो जिम्मेवारी निर्वाह गर्न वा आफ्नो कामकारबाहीमा सुधार गर्न

निर्देशन दिन सक्नेछ र असल नियतले काम गर्दा प्रचलित कानून र यस कार्यविधि विपरीत कुनै कार्य भएमा वा कुनै त्रुटी भएमा उक्त कार्य सच्याउनका लागि आवश्यक निर्देशन दिन सक्नेछ ।

(५) उपदफा (३) बमोजिम पेश गरेको स्पष्टिकरण सन्तोषजनक नभएमा नगरपालिकाले सम्वन्धित वडा अध्यक्ष,सवडिभिजन वन कार्यालयको प्रमुख र सम्वन्धित वडाको महिला सदस्य रहेको छानविन समिति गठन गरी समितिको काम कारबाहीको आवश्यक छानबिन गराउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम छानबिन गर्दा उपदफा (१) को अवस्था विद्यमान रहेको र उपदफा (४) बमोजिम दिएको निर्देशनको पालना पनि नगरेको प्रतिवेदन प्राप्त भएमा कार्यरपालिकालेसमिति विघटन गर्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिका दुईतिहाई सदस्यले त्यस्तो समिति विघटन गर्न नगरपालिकामा कारण खुलाई लिखित अनुरोध गरेमा नगरपालिकाले आवश्यक छानबिन गरी त्यस्तो समिति विघटन गर्न सक्नेछ ।

(८) उपदफा (६) वा (७) बमोजिम समिति विघटन भएमा पुनः अर्को समिति गठन हुनेछ र त्यसरी गठन हुने समितिको पदावधिसामुदायिक रेड पाण्डा संरक्षण क्षेत्र ब्यवस्थापन समितिको बाँकी अवधिको लागि मात्र कायम रहनेछ ।

(९) उपदफा (८) बमोजिम अर्को समिति गठन नभएसम्मका लागि विघटन गरिएको समितिले सम्पादन गर्दै आएको कामकारबाहीसम्बन्धित सामुदायिक वन उपभोक्ता समूहर सम्वन्धित वडा कार्यालयले गर्नु पर्नेछ ।

## परिच्छेद-४

## सामुदायिक रेड पाण्डा सरक्षण क्षेत्र व्यवस्थापन समितिको आर्थिक व्यवस्था

**११. समितिको कोषः**(१) समितिको एउटा छुट्टै कोष हुनेछ र त्यस्तो कोषमा देहायका रकमहरु रहनेछनः

(क) दफा १२ को उपदफा (१) बमोजिम प्राप्त रकम ।

(ख) दफा १७ बमोजिम समितिलाई प्राप्त हुने रकम ।

(ग) कुनै संघ, संस्था वा व्यक्तिबाट प्राप्त हुने रकम ।

(घ) प्रचलित कानून बमोजिम अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(२) उपदफा (१) बमोजिम जम्मा हुने रकम कुनै वाणिज्य बैंक वा विकास बैंकमा खाता खोली राख्नु पर्नेछ र खाताको सञ्चालन समितिको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) समितिले आफूलाई प्राप्त भएको रकम व्यवस्थापन योजनाले निर्दिष्ट गरेको कार्यक्रममा खर्च गर्नु पर्नेछ ।

(४) समितिको तर्फबाट गर्नुपर्ने खर्च र अन्य प्रशासनिक खर्च समितिको कोषबाट व्यहोरिनेछ । तर प्रशासनिक खर्च समितिको कुल खर्चको २० प्रतिशतभन्दा बढी हुनेछैन ।

**१२. शुल्क वा दस्तुर लगाउन सक्नेः** (१) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्र ब्यवस्थापन समितिलेसामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रको दीगो संरक्षण तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि सामुदायिक वन क्षेत्र बाहेकका क्षेत्रमा नगरपालिकासँगको समन्वयमा देहाय बमोजिमको शुल्क वा दस्तुर निर्धारण गरी असूल गर्न सक्नेछः

(क) सामुदायिक संरक्षण क्षेत्रभित्र विदेशी पर्यटक प्रवेश वापतको प्रवेश शुल्क ।

(ख) सामुदायिक संरक्षण क्षेत्रमा रेडपाण्डा अवलोकन तथा फोटो खिचे वापतको शुल्क ।

(ग) सामुदायिक संरक्षण क्षेत्रभित्र व्यापारिक प्रयोजनको लागि डकुमेण्ट्री वा फिचर फिल्म छायांकन अनुमति दिएवापतको दस्तुर ।

(घ) सामुदायिक संरक्षण क्षेत्रभित्र होमस्टे लगायतका पर्यटन व्यवसाय सञ्चालन गर्न अनुमति दिए वापतको दस्तुर ।

(ङ) संरक्षण क्षेत्रभित्र लघु जलविद्युत परियोजना सञ्चालन अनुमति दिए वापतको दस्तुर ।

(च) नगरपालिको स्वीकृति लिई तोकेका अन्य विषय वापत प्राप्त हुने शुल्क वा दस्तुर ।

(२) उपदफा (१) मा उल्लिखित विषयमा अनुमतिपत्र प्रदान गरी प्राप्त रकम सोही दिन वा तीन दिनभित्र समितिको खातामा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि उद्धार सम्बन्धी कार्यमा कुनै दस्तुर लाग्ने छैन ।

(४) उपदफा (१) बमोजिम प्राप्त रकममध्ये २० प्रतिशत रकम नगरपालिकामा बुझाउनु पर्नेछ ।

(५) समितिले यस दफा बमोजिम गरेको आम्दानीको कम्तिमा ४० प्रतिशत रकम रेड पाण्डाको वासस्थान र प्राकृतिक प्रजनन क्षेत्रहरुको संरक्षण र व्यवस्थापनमा खर्च गर्नुपर्नेछ ।

(६) आम्दानीको कम्तिमा २० प्रतिशत रकम जीविकोपार्जन तथा सामाजिक विकासका कार्यमा खर्च गर्नु पर्नेछ ।

**१३. समितिको लेखापरीक्षणः** (१) समितिको आफ्नो आम्दानी खर्चको लेखापरीक्षण प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र समितिले नियुक्त गरेको मान्यताप्राप्त लेखापरीक्षकबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गर्दा लेखापरीक्षकले हेर्न चाहेको श्रेस्ता कागजात तथा हिसाबकिताब समितिको अध्यक्ष र कोषाध्यक्ष समक्ष माग गर्न सक्नेछ र त्यसरी माग भएकोमा माग भए बमोजिमको श्रेस्ता कागजात तथा हिसाब किताव उपलब्ध गराउनु अध्यक्षको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम लेखापरीक्षकबाट भएको लेखापरीक्षणको प्रतिवेदनको एकप्रति इलाम नगरपालिका र एक प्रति सव डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(४) लेखापरीक्षणको प्रतिवेदनबाट समितिको कुनै पदाधिकारीले आर्थिक दुरुपयोग गरेको औल्याईएमा समितिले सो रकम निजबाट तत्काल असुल उपर गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम रकम असुल उपर हुन नसकेमा प्रचलित कानूनबमोजिम सरकारी रकम बाँकी सरह असूलउपर गर्नुपर्नेछ र सो प्रयोजनका लागि सम्बन्धित निकायलाई समितिले अनुरोध गर्नेछ ।

## परिच्छेद-५

## समुदायिक रेड पाण्डा संरक्षण क्षेत्रको वन तथा वासस्थान र प्रजनन क्षेत्र व्यवस्थापन

**१४. सामुदायिक रेड पाण्डासंरक्षण क्षेत्रभित्र निषेधित कार्यः**(१) सामुदायिक रेड पाण्ड संरक्षण क्षेत्रमा देहायका कार्यहरु पूर्णरुपमा निषेध गरिएका छनः

(क) रेड पाण्ड र अन्य संरक्षित वन्यजन्तुको शिकार गर्न, लखेट्न वा घाइते बनाउन ।

(ख) रेड पाण्डको वासस्थान र प्राकृतिक प्रजनन स्थलहरुमा क्षति वा असर पर्ने कार्यहरु गर्न ।

(ग) रेडपाण्डाको सहवास र प्रजनन वा बच्चा जन्माउने समयमा बासस्थान क्षेत्रमा आवत जावत गर्न ।

(घ) हातहतियार, खर खजाना वा कुनै किसिमको विषालु पदार्थ र विस्फोटक पदार्थ साथमा लैजान वा प्रयोग गर्न ।

(ङ) रेड पाण्डको आखेटोपहार संकलन, ओसार पसार र विक्री वितरण गर्न ।

(च) सलाइ लाइटर जस्ता आगो बाल्न प्रयोग हुने चिज साथमा लैजान वा वनमा आगो लगाउने कार्य गर्न ।

(२) सामुदायिक रेड पाण्ड संरक्षण क्षेत्रमा सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्र ब्यवस्थापन समितिबाट लिखित अनुमति प्राप्त नगरी कुनै पनि व्यक्तिवा संस्थाले सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रभित्र देहायको कुनै पनि कार्य गर्न पाउने छैनः

(क) रेड पाण्डाको वासस्थान र प्राकृतिक प्रजनन क्षेत्रहरुमा प्रवेश गर्न ।

(ख) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्र अन्तर्गत पर्ने वन तथा सरकारी र सार्वजनिक जग्गामा कुनै पनि किसिमको घर, छाप्रो, आश्रम वा यस्तै प्रकारको कुनै पनि निर्माण कार्य गर्न ।

(ग) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्र अन्तर्गत पर्ने वन तथा सरकारी र सार्वजनिक जग्गा कव्जा गर्न, आवादी गर्न, भोगचलन गर्न,खोरिया फडानी गर्न,खेती गर्न वा कुनै बाली उव्जाउन वा कटान गर्न ।

(घ) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्र अन्तर्गत पर्ने वन तथा सरकारी र सार्वजनिक जग्गामा खानी, ढुङ्गा, वालुवा, माटो, खनिज पदार्थवा अन्य यस्तै वस्तुहरु उत्खनन,संकलन र ओसारपसार गर्न ।

(ङ) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्र भित्र वग्ने नदी, खोला–नाला वा पानीको कुनै स्रोत थुन्न, फर्काउन वा त्यसमा हानिकारक वा विस्फोटक पदार्थहरु प्रयोग गर्ने ।

(च) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्र भित्र मोटर बाटो निर्माण गर्ने, उक्त क्षेत्र नजिक रहेका मोटर बाटोमा सवारी तथा मालबाहक साधन आवत जावत गर्दा हर्न बजाउन।

(छ) खुल्ला चरिचरन गर्ने,निगालो मालिङ्गो र ठेकिफल लगायका प्रजातिहरु काट्न तथा क्षति गर्ने ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक रेड पाण्डा सरक्षण क्षेत्रमा पर्ने सामुदायिक वन भित्र रेड पाण्डा लगायतका वन्यजन्तु र यीनका वासस्थान तथा प्राकृतिक प्रजनन स्थललाई कुनै पनि किसिमको असर नपर्ने गरी डिभिजन वन कार्यालयबाट स्वीकृत वन व्यवस्थापन योजना अनुसार सामुदायिक वन उभोक्ता समुहले वन पैदावारको दिगो उपयोग गर्न पाइने छ ।

**१५. रेड पाण्डा संरक्षणमा प्रतिकूल प्रभाव पर्ने कार्य निषेध गर्न सक्नेः**(१) सामुदायिक रेड पाण्डा सरक्षण क्षेत्र भित्र भइरहेको वा हुन लागेको कुनै क्रियाकलापका कारण सामुदायिक रेड पाण्ड संरक्षण क्षेत्रकोप्राकृतिक वातावरण र प्राकृतिक स्रोत संरक्षणमा कुनै प्रतिकुल असर परेमा वा पर्ने संभावना देखिएमा सामुदायिक रेड पाण्डा सरक्षण क्षेत्र व्यवस्थापन समितिले तत्काल त्यस्तो क्रियाकलाप रोक्नवा रोक्ने निर्देशन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशन दिँदा के कति कारणले त्यस्तो क्रियाकलाप रोक्नु वा निषेध गर्नु वा सुधार गर्नका लागि निर्देशन दिनु परेको हो भन्ने कुरा खुलाउनु पर्नेछ ।

**१६. वन्यजन्तुको व्यवस्थापनः** (१) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रमा संरक्षित वन्यजन्तु बाहेक अन्य वन्यजन्तुको संख्यामा वृद्धि भई स्थानीय वासिन्दाको कृषि वाली, पशुधन क्षति गर्ने अवस्था देखिएमा सम्बन्धित प्रजातिको वस्तुस्थिति अध्ययनबाट कोटा निर्धारण गरी त्यस्ता वन्यजन्तुको व्यवस्थापन र स्थानान्तरको लागि समितिले डिभिजन वन कार्यालय समक्ष अनुरोध गर्न सक्नेछ ।

**१७ प्रवेशपत्र लिनु पर्नेः** कुनै विदेशी पर्यटकले सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रभित्र प्रवेश गर्न चाहेमा समितिले तय गरे बमोजिमको प्रवेश दस्तुर तिरी समितिद्वारा निर्धारित ढाँचामा प्रवेशपत्र लिनु पर्नेछ ।

**१८. सामुदायिक वन व्यवस्थापनः** (१) संरक्षण क्षेत्रभित्रको कुनै वन क्षेत्रलाई व्यवस्थापन योजनाअनुसार वन पैदावारको दीगो व्यवस्थापन र सदुपयोग गर्नका लागि सामुदायिक वनको रुपमा संरक्षण तथा व्यवस्थापन गर्न चाहने सामुदायिक वन उपभोक्ता समूहले सो वन क्षेत्र आफूले सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको व्यहोरा खुलाइ निर्धारित ढाँचामा कार्ययोजना र समितिको रायसुझावसहित डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा डिभिजन वन कार्यालयले सो सम्बन्धमा आवश्यक अध्ययन गरी उल्लिखित वन क्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण गर्न उपयुक्त देखिएमा वन ऐन २०७६ बमोजिम त्यस्तो सामुदायिक वन सम्बन्धित उपभोक्ता समूहलाई हस्तान्तरण गर्न सक्नेछ ।

(३) उपभोक्ता समूहले सामुदायिक वनको रुपमा कुनै वन क्षेत्र संरक्षण गरी वा विरुवा लगाइ हुर्काई प्राप्त हुन आएको वन पैदावारको उपयोग स्वीकृत कार्ययोजना बमोजिमको मात्रा र परिमाणमा नबढ्ने गरी सम्बन्धित उपभोक्ता समूहले निर्धारण गरेको नियम अनुसार वन उपभोक्ताहरुले वन पैदावारको उपयोग गर्न सक्ने छन् ।

(४) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्र भित्रका सामुदायिक वनमा कसैले कार्ययोजना विपरीत कुनै काम गरेमा निजलाई सम्बन्धित समूहले कार्ययोजनामा उल्लेख भए बमोजिम कारवाही गर्न सक्नेछ र कार्ययोजना विपरितको कार्य गरी कुनै हानी नोक्सानी गरेको पाइएमा त्यस्तो हानी नोक्सानीको विगो कायम गरी प्रचलित कानून बमोजिम असुलउपर गर्नु पर्नेछ ।

**१९. गैरकाष्ठ वन पैदावार र जडीवुटीको उपयोगः**(१) प्रचलित कानूनबमोजिम प्रतिबन्ध लगाईएका गैरकाष्ठ वन पैदावार र जडीवुटी बाहेक सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रभित्र सामुदायिक वनमा रहेका गैरकाष्ठ वन पैदावार र जडीवुटीको वन ऐन, २०७६

एवं वन नियमावली, २०७९ र स्वीकृत कार्ययोजनाका आधारमा प्रचलित कानून बमोजिमको मूल्य लिई दिगो संकलन तथा उपयोग गर्न र संरक्षण क्षेत्रबाहिर लैजान सम्बन्धित उपभोक्ता समूहले इजाजत दिन सक्नेछ ।

(२) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्र अन्तर्गत सामुदायिक वन बाहेकको क्षेत्रमा रहेका गैरकाष्ठ वन पैदावार र जडीवुटीको सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्र व्यवस्थापन समितिले निश्चित शुल्क लिई दिगो संकलन तथा सदुपयोग गर्न र संरक्षण क्षेत्रबाहिर लैजानइजाजत दिन सक्नेछ ।

तर त्यसरी तोकिने शुल्क वन नियमावली२०७९ मा तोकिएको शुल्क (मूल्य)भन्दा कम नहुने गरी तोक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम संरक्षण क्षेत्रबाट संकलन तथा उपयोग गर्न तथा संरक्षण क्षेत्रबाहिर लैजान पाइने गैरकाष्ठ वन पैदावार र जडीवुटीको सूची सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्र व्यवस्थापन समितिले निर्धारण गर्नेछ ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि व्यावसायिक रुपमा गैरकाष्ठ वन पैदावार र जडीवुटीको संकलन तथा ओसार र प्रशोधान गर्दा वन ऐन, २०७६ एवं वन नियमावली, २०७९ बमोजिम डिभिजन वन कार्यालयबाट लिनुपर्ने इजाजतपत्र समेत लिनु पर्नेछ र वातावरण संरक्षणसम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्नेछ ।

**२०. निजी वन व्यवस्थापनः**(१) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रमा निजी जग्गा पर्ने जग्गाधनीले संरक्षण क्षेत्रको व्यवस्थापन योजनाको अधीनमा रही प्रचलित कानून बमोजिम निजी वनको विकास, संरक्षण र व्यवस्थापन गर्न तथा वन पैदावारको संकलन,उपयोग, विक्री वितरण र ओसार पसार गर्न सक्नेछन् ।

(२) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रबाट निजी वनको वन पैदावार संकलन,उपयोग, विक्री वितरण र ओसार पसार गर्दा वन ऐन २०७८, वन नियमावली २०७९ र इलाम नगरपालिकाको वन ऐन २०७८ मा गरिएका व्यवस्थाहरुको पनि पालना गर्नुपर्नेछ ।

(३) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रमा निजी वनको विकास, संरक्षण र व्यवस्थापन गर्न सामुदायिक रेड पाण्डा संरक्षणक्षेत्र ब्यवस्थापन समितिले निजी वनधनीलाई

आवश्यक प्राविधिक तथा आर्थिक सहायता उपलब्ध गराउन डिभिजन वन कार्यालय र नगरपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद-६

## सामुदायिक विकास सम्बन्धी व्यवस्था

**२१. सामुदायिक विकास सम्बन्धी योजना सञ्चालनः**(१) सामुदायिक रेड पाण्डा संरक्षण समितिले आफ्नो व्यवस्थापनयोजनामा उल्लेख भए अनुसारका कार्यक्रमहरु सञ्चालन गर्नका लागि प्राथमिकताका आधारमा वार्षिक योजनाहरुको छनौट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छनौट गरिएका कार्यक्रम वा योजनाको लागत अनुमान सहितको प्रस्ताव तयार गरी वार्षिक रुपमा नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश गरेको प्रस्तावमा उपभोक्ताको योगदानको अंश समेत उल्लेख गर्नु पर्नेछ र यस्तो योगदानको अंश कूल लागतको कम्तीमा दशदेखि बीस प्रतिशतसम्म हुनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्रस्ताव तयार गर्ने कार्यमा आवश्यक परेमा नगरपालिकाले समितिलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम प्राप्त भएको कार्यक्रम वा योजना नगरपालिकाको कार्यपालिकाले आवश्यकतानुसार संशोधन गर्नु पर्ने भए सो समेत गरी त्यस्तो कार्यक्रम वा योजना स्वीकृत गर्नेछ र त्यसरी स्वीकृत कार्यक्रम वा योजनाको कार्यान्वयनका लागि नगरपालिकाले कार्य प्रगतिका आधारमा चौमासिक रुपमा रकम निकासा दिनेछ ।

(६) उपदफा (५) बमोजिम स्वीकृत कार्यक्रम वा योजना कार्यान्वयन गर्नुअघि समितिले सम्बन्धित सरोकारवालाहरुकोभेला गराई सार्वजनिक गर्नु पर्नेछ ।

(७) समितिद्वारा सञ्चालित योजना तथा कार्यक्रम सम्पन्न भएपछि समितिले नगरपालिका समक्ष उक्त योजनाको जाँच पास गराइदिन अनुरोध गर्नु पर्नेछ र त्यसरी अनुरोध भई आएमा नगरपालिकाले सोको जाँचपास गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(८) नगरपालिकाद्वारा सञ्चालित कार्यक्रम वा योजनाको कार्य सम्पन्न भएपछि समितिले सोको हिसाव किताव, लेखापरीक्षण र जाँचपासको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम हिसाव किताव, विल भर्पाई र जाँचपास प्रतिवेदन पेश भएपछि नगरपालिकाले आवश्यकता अनुसार स्थलगत अनुगमन निरीक्षणसमेत गरी कार्य सम्पन्न भएको देखिएमा कार्यक्रम वा योजनाको जाँचपास गरी दिनु पर्नेछ ।

(१०) समितिले अन्य दातृ संस्था वा निकायको सहयोगमा सम्पादन गरिएका कार्यहरुको विवरण पनि नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**२२. दोहोरो नपर्ने गरी विकास आयोजना सञ्चालन गर्नु पर्नेः**समितिले सामुदायिक विकाससम्बन्धी कार्य गर्दा गराउँदा अन्य कुनै निकाय, संघ संस्था वा कार्यालयले सञ्चालन गरिराखेको कुनै सामुदायिक विकाससम्बन्धी कार्यक्रम वा आयोजनामा दोहोरोपना नआउने गरी सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद-७

## विविध

**२३. फिल्म छायाङ्कनको लागि अनुमति लिनु पर्नेः**(१) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रभित्र कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संघ संस्थाले व्यावसायिक डकुमेन्ट्री वा फिचर फिल्म छायाङ्कन गर्न चाहेमा समितिले तोके बमोजिमको दस्तुर तिरीसमितिबाट निर्धारित ढाँचामा अनुमति पत्र लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको अनुमतिपत्रअनुसार फिल्म छायाङ्कन गर्दा फिल्म छायाङ्कन गर्ने व्यक्ति वा संस्थासंग छायाङ्कन अवधिभर समितिले आफ्नो कर्मचारी वा सदस्यलाई सम्पर्क व्यक्ति तोकी निजको रोहवरमा मात्र फिल्म छायाङ्कन गर्ने व्यवस्था गर्न सक्नेछ ।

(३) डकुमेन्ट्री वा फिचर फिल्म छायाङ्कन गर्दा कुनै रेड पाण्ड लगायतका वन्यजन्तु तथा चराचुरुङ्ङ्गी र यीनको वासस्थान र प्रजननमा कुनै असर पर्ने भएमा समितिले अनुमती पत्र रद्ध गरी उक्त कार्यमा रोक लगाउन सक्नेछ ।

(४) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रमा रहेका सामुदायिक वनमा डकुमेन्ट्री वा फिचर फिल्म छायाङ्कन गर्ने अनुमतिपत्र र दस्तुर सम्बन्धी व्यवस्था सम्बन्धित सामुदायिक वनको कार्ययोजना र उपभोक्ता समूहको नियम अनुसार हुनेछ ।

**२४. वैज्ञानिक अनुसन्धान गर्न स्वीकृति लिनु पर्नेः**(१) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रभित्र कसैले अवलोकन तथा वैज्ञानिक अनुसन्धानसम्बन्धी काम गर्न चाहेमा डिभिजन वन कार्यालयको अनुमतिपत्रका आधारमा समितिलेसहमति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहमति लिई अनुसन्धान सम्पन्न गरेपछि सम्बन्धित व्यक्ति वा संस्थाले सोको प्रतिवेदन डिभिजन वन कार्यालय,नगरपालिका र ब्यवस्थापन समितिलाइ एक एक प्रती बुझाउनु पर्नेछ ।

(३) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रभित्र रहेका सामुदायिक वनमा कसैले अवलोकन तथा वैज्ञानिक अनुसन्धानसम्बन्धी काम गर्दा सम्बन्धित उपभोक्ता समूहसँग समन्वय गर्नुपर्नेछ ।

**२५. क्षतिपूर्तिको लागि जिम्मेवार नहुनेः**कुनै व्यक्तिलेसामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रभित्र प्रवेश गर्दा सो क्षेत्रभित्र निजलाई कुनै किसिमको हानी नोक्सानी भएमा,चोटपटक लागेमा वा निजको मृत्यु भएमा निज आफै जिम्मेवार हुनेछ र सो वापत क्षतिपूर्तिका लागि सामुदायिक रेड पाण्डा सरक्षण क्षेत्र व्यवस्थापन समिति जिम्मेवार हुने छैन ।

**२६. समितिलाई सहयोग गर्नु पर्नेः**सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्ने काममा समितिलाईनगरपालिका, स्थानीय प्रशासन, प्रहरी, सरकारी वा गैरसरकारी संघ संस्था, सामुदायिक वन समूह तथा सम्बन्धित सबैले आवश्यक सहयोग गर्नु पर्नेछ ।

**२७. कर्मचारी खटाउन सकिनेः**(१) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन कार्यमा सहयोग पुर्याउनसमितिको अनुरोधमा डिभिजन वन कार्यालय र नगरपालिकाले आवश्यकता अनुसार प्राविधिक कर्मचारी खटाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएका कर्मचारीले समितिलाइ देहाय बमोजिम सहयोग गर्नु पर्नेछः

(क) आवश्यक प्राविधिक तथा कानूनी राय, सुझाव उपलब्ध गराउने ।

(ख) जैविक विविधताको संरक्षण र व्यवस्थापनको अनुगमन गर्ने ।

(ग) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रभित्रका वन्यजन्तुहरूको स्थितिको बारेमा तथ्याङ्क संकलन गर्ने ।

(घ) घाइते र टुहुरा जङ्गली जनावरको उद्धार तथा स्थानान्तरण गर्ने ।

(ङ) प्राकृतिक स्रोत तथा सम्पदाहरुको संरक्षण तथा व्यवस्थापन कार्यमा सहयोग पुर्याउने ।

(च) समितिले गरेका मुख्य मुख्य कार्यहरुको बारेमा सम्बन्धित निकाय समक्ष समय समयमा प्रतिवेदन पेश गर्ने ।

(छ) यस कार्यविधि बमोजिम तोकिएका र नेपाल सरकार र प्रदेश सरकारले समय समयमा दिएका अन्य निर्देशन कार्यान्वयन गर्न सहयोग गर्ने गराउने ।

**२८. प्रतिवेदन पेश गर्नु पर्नेः** ब्यवस्थापन समितिले चौमाषिक रुपमा आर्थिक बिवरण सहितको कार्यसम्पादन प्रगती प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्ने छ र गाउँपालिकाबाट प्राप्त सल्लाह र सुझावको पालना गर्नु ब्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२९. अनुसुचीमा हेरफेर वा थपघटः**कार्यपालिकाले आवश्यक देखेमा समितिको सिफारिसमा डिभिजन वन कार्यालयसँगको परामर्शमा अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

**३०. बचाउः** (१) योकार्यविधिलागु हुन पुर्वसामुदायिक रेड पाण्डा संरक्षण क्षेत्र व्यवस्थापन समितिले गरेकाकामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(२) प्रचलित कानून बमोजिम सामुदायिक रेड पाण्डासंरक्षण क्षेत्रभित्रका प्राकृतिक स्रोत उपयोग गर्ने सम्बन्धमा नेपाल सरकार वा प्रदेश सरकारबाट कसैले कुनै अनुमति लिएको

भएमा सोको म्यादसम्म सोही अनुमति पत्र बमोजिम र सो को म्याद समाप्त भएपछि यस कार्यविधि बमोजिम हुनेछ ।

## अनुसूची-१

(दफा५ को उपनियम (१) सँग सम्बन्धित)

व्यवस्थापन योजनामा समावेश हुनु पर्ने कुराहरु

(१) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रभित्र रहेका वन, जंगल, झाडी, बुट्यान, खर्क वा चरन, पर्ति, आवादी र अन्य जग्गाहरू (भू-उपयोगिता) को विवरण,

(२) वनसीमाको अवस्थिति,

(३) नदी नाला तथा अन्य जलस्रोतसमेत देखिने गरी तयार गरिएको नक्सा ,

(४) स्थानीय जनसंख्या तथा जनघनत्वसम्बन्धी विवरण,

(५) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रमा रहेका वन्यजन्तु, वनस्पति र अन्य प्राकृतिक स्रोतहरुको विवरण,

(६) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रभित्र रहेका सामुदायिक वन र भविष्यमा सामुदायिकवनको रुपमा सुम्पन सकिने वन क्षेत्र र वनको विवरण,

(७) वृक्षारोपण, भू-संरक्षण र वन विकाससम्बन्धी कार्यक्रमहरूको विवरण,

(८) स्थानीय जनताको मौलिक र परम्परागत ज्ञान तथा सीपको संरक्षणसम्बन्धी कार्यक्रम,

(९) स्थानीय उपभोक्तालाई आवश्यक पर्ने वन पैदावार, सोको संकलन र उपभोगसम्बन्धी वार्षिक कार्यक्रम,

(१०) सामुदायिक विकास, संरक्षण क्षेत्र पर्यटन विकास, वन्यजन्तु, वनस्पति र वातावरण संरक्षण, ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षणसम्बन्धी कार्यक्रम,

(११) वार्षिक रुपमा समितिलाई हुन सक्ने आम्दानी तथा स्रोतको विवरण,

(१२) व्यवस्थापन योजना कार्यान्वयन गर्न आवश्यक पर्ने साधन, स्रोत, जनशक्ति तथा रकमको विवरण,

(१३) जडीवुटीको संकलन र उपयोगसम्बन्धी वार्षिक विवरण,

(१४) भू-उपयोगिता प्रणाली लागू गर्नुपर्ने क्षेत्रको विवरण,

(१५) सामुदायिक रेड पाण्डा संरक्षण क्षेत्रभित्र रहेका स्वास्थ्य सेवा केन्द्रहरु, विद्यालयहरु, मठमन्दिर,गुम्बा, पुलपुलेसाहरु लगायत अन्य आवश्यक पूर्वाधारहरु,

(१६) अन्य आवश्यक कुराहरु ।

आज्ञाले
गणेशकुमार खडका
प्रमुख प्रशासकीय अधिकृत